**कोहलपुर नगरपालिका**

# स्थानीय राजपत्र

**खण्डः ०६** **संख्याः ११** **मितिः २०७९/०९/२३**

**भाग - ०२**

**कोहलपुर नगरपालिका**

## संस्थागत खानेपानी, सरसफाइ तथा स्वच्छता सुधार कार्यसञ्चालन निर्देशिका, २०७९

**प्रस्तावनाः** कोहलपुर नगरपालिका मातहतका स्वास्थ्य संस्था तथा सामुदायिक विद्यालयहरुको खानेपानी, सरसफाइ, फोहोर व्यवस्थापन, स्वच्छता र व्यवस्थापकीय क्षमता सुधार गर्दै नगरवासी र छात्रछात्राहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षा उपलब्ध गराउन आवश्यक भएकोले नगर स्वास्थ्य ऐन, २०७५ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी कोहलपुर नगर कार्यपालिकाले यो निर्देशिका पारित गरी जारी गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "संस्थागत खानेपानी, सरसफाइ तथा स्वच्छता सुधार कार्यसञ्चालन निर्देशिका, २०७९" रहेको छ।

(२) यो निर्देशिका यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:-

(क) "ऐन" भन्नाले कोहलपुर नगरपालिकाको नगर स्वास्थ्य ऐन २०७५ लाई सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले कोहलपुर नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) "प्रमुख" भन्नाले कोहलपुर नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कोहलपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ङ) "सञ्चालन तथा व्यवस्थापन समिति" भन्नाले कोहलपुर नगर स्वास्थ्य ऐनको दफा ७ अनुसार गठन भएका स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(च) "स्वास्थ्य संस्था" भन्नाले कोहलपुर नगरपालिकाको मातहतमा सञ्चालनमा रहेका तथा भविष्यमा सञ्चालनमा आउने आधारभूत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य सेवा केन्द्र, नगर अस्पताललाई सम्झनु पर्दछ ।

(छ) "वास सुधार समिति" भन्नाले यही निर्देशिकाको दफा ५ अनुसार स्वास्थ्य संस्थाहरुमा खानेपानी, सरसफाई तथा स्वच्छता सुधारका लागि गठित समितिलाई सम्झनु पर्दछ । यो शब्दले विद्यालयमा गठित वास समन्वय समितिलाई समेत जनाउछ ।

## परिच्छेद-२
## उदेश्य र समिति गठन

३. **निर्देशिकाको उद्देश्यः** यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेको छ:-

(क)स्वास्थ्य संस्थामा वास सुधार समिति, विद्यालयमा वास समन्वय समिति र कर्मचारीहरुबीच खानेपानी, सरसफाई तथा स्वच्छता सुधारका कार्यहरुको जिम्मेवारी बाँडफाँड गर्नु ।

(ख)जिम्मेवारी अनुरुप स्वास्थ्य संस्थामा वास सुधार समिति र विद्यालयमा वास समन्वय समिति, शिक्षक र विद्यार्थीहरुबाट कार्य भए/नभएको अनुगमन गर्नु र आवश्यकता अनुरुप थप सुधारात्मक कार्यहरु गर्नु।

(ग) स्वास्थ्य संस्था र विद्यालयहरुमा मापदण्ड अनुरुपको खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था कायम गर्न सम्बन्धित समितिका सदस्यहरुबीच समूह कार्य प्रवद्र्धन गर्नु ।

४. **वास सुधार समितिको गठन:** स्वास्थ्य संस्थामा नेपाल सरकार र विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुरुपको खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था कायम गर्नु वास सुधार समितिको जिम्मेवारी हुनेछ । वास सुधार समितिको गठन निम्नानुसार गरिनेछ:-

| | | | |
|---|---|---|---|
| (क) | स्वास्थ्य संस्था प्रमुख/इन्चार्ज | - | संयोजक |
| (ख) | स्वास्थ्य संस्थाको नर्स/अनमि मध्येबाट १ जना | - | सदस्य |
| (ग) | सम्बन्धित वडामा काम गर्न पालिकाले तोकेको प्राविधिक १ जना | - | सदस्य |
| (घ) | महिला स्वास्थ्य स्वयंसेविकाहरुमध्येबाट १ जना | - | सदस्य |
| (ङ) | स्वास्थ्य संस्थाको सरसफाइकर्ता /सहयोगीमध्येबाट १ जना | - | सदस्य |

५. **विद्यालय वास समन्वय समिति गठन :** विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी योजना तर्जुमा, योजना कार्यन्वयन र अनुगमन गर्नका लागि प्रत्येक विद्यालयमा सम्वन्धित विद्यालय व्यवस्थापन समितिको मातहतमा रही कार्य गर्न देहाय बमोजिमको विद्यालय वास समन्वय समिति गठन गरी क्रियाशिल गराइने छ ।

| | | | |
|---|---|---|---|
| (क) | विद्यालय व्यवस्थापन समितिको अध्यक्षले तोकेको सो समितिको सदस्य | - | अध्यक्ष |
| (ख) | विद्यालयका प्रधानाध्यापक | - | सदस्य |
| (ग) | शिक्षक अभिभावक संघले आफुमध्येवाट छानी पठाएको १ जना महिला | - | सदस्य |
| (घ) | विद्यालय सेवा क्षेत्र भित्र रहेको स्वास्थ्य सेवा प्रदायक संस्थाको प्रतिनिधी १ जना | - | सदस्य |

(ङ) वाल क्लवका पदाधिकारीहरुले आफुमध्येवाट छानी पठाएको १ जना छात्रा सहित २ जना - सदस्य

(च) सम्वन्धित वडा समितिवाट प्रतिनिधी १ जना - सदस्य

(छ) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्पर्क शिक्षक १ जना - सदस्य

## परिच्छेद-३

## काम, कर्तव्य र अधिकार

६. **नगरपालिका वास सुधार समितिका संयोजकको काम, कर्तव्य र अधिकार :** यस निर्देशिकामा अन्यन्त्र उल्लेखित कुराका अतिरिक्त वास सुधार समितिका संयोजकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) निश्चित अवधिमा वासफिटको प्रयोग गरी स्वास्थ्य संस्थाको क्षमता लेखाजोखा गर्ने/गराउने, वास सुधार योजना बनाउने, योजना कार्यान्वयन गर्ने र समिक्षा गर्ने ।

(ख) कम्तिमा हप्ताको एक पटक वास सुधार समितिको नियमित बैठक गर्ने, वास सुधार योजनाअनुसारका क्रियाकलाप कार्यान्वयन गर्ने जिम्मेवारी बाँडफाँड गर्ने, सम्पादित कार्यहरुको समिक्षा गर्ने, कार्य योजना तथा सम्पादित कार्यहरुको माइन्यूट अद्यावधिक राख्ने ।

(ग) स्वास्थ्य संस्थाको वास सुधार योजना कार्यान्वयन गर्नका लागि आवश्यक बजेट प्राप्तीका लागि क्रियाशिल रहने ।

(घ) स्वास्थ्य संस्थाबाट गुणस्तरीय सेवा उपलब्ध गराउन आवश्यक औजार, उपकरण, सामग्री र संरचनाहरु उपलब्ध भएको निश्चित गर्ने, कमि/बिग्रेको भए थप्न पहल गर्ने/मर्मत संभार गरेर सन्चालनमा ल्याउने ।

(ङ) स्वास्थ्य संस्थामा मर्मत संभार कोष स्थापना र सन्चालनका लागि क्रियाशिल रहने ।

(च) स्वास्थ्य संस्थामा बनाइएका वास संरचनाहरुले उचित कार्य गरे/नगरेको, फोहोर व्यवस्थापन उचित किसिमले भए/नभएको अनुगमन गर्ने र आवश्यक भए सुधारात्मक कदम चाल्ने ।

(छ) वास सुधार समितिका सदस्यहरु र कर्मचारीहरुलाई जिम्मेवारी प्रति जवाफदेही बनाउने र कार्य गरे/नगरेको अनुगमन गर्ने ।

(ज) स्वास्थ्य संस्था तथा विद्यालयको प्रतिवेदन तयार गर्ने र सो संस्था सन्चालन तथा व्यवस्थापन समितिको बैठकमा पेश गर्ने ।

(झ) आवश्यक सूचना, शिक्षा तथा सन्दर्भ सामग्री खोजी तथा तयार गरी प्रयोग गर्ने ।

(ञ) आवश्यकता अनुसार अनुगमन चार्ट, डिस्प्ले चार्ट तयार गर्ने र प्रयोगमा ल्याउने ।

(ट) मापदण्ड अनुरुपको सेवा प्रवाहका लागि संरक्षक र संयोजकले तोकेको अन्य कार्यहरु गर्ने ।

७. **वास सुधार समितिका नर्स सदस्यको काम, कर्तव्य र अधिकार :** यस निर्देशिकामा अन्यन्त्र उल्लेखित कुराका अतिरिक्त वास सुधार समितिका नर्स सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) वास सुधार समितिको नियमित बैठक र आवधिक लेखाजोखा गर्ने कार्यमा भाग लिने ।

(ख) स्वास्थ्य संस्थाको वास सुधार योजना कार्यान्वयन गर्न सक्रिय रहने र आफ्नो जिम्मेवारी समयमा पुरा गर्ने ।

(ग) स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक औजार तथा उपकरण उपलब्ध रहेको र गुणस्तरीय काम गरिरहेको निश्चित गर्ने ।

(घ) गुणस्तरीय सेवा उपलब्ध गराउन कुनै औजार, उपकरण वा वस्तुको कमि भएका संयोजकलाई जानकारी गराउने ।

(ङ) सेवा दिने सबै कोठाहरुलाई संक्रमणरहित बनाउन मतहतका कर्मचारी परिचालन गर्ने ।

(च) सेवा दिने सबै कोठामा उचित तरिकाले फोहोर संकलन गरेको निश्चित गर्न कोचिङ गर्ने, र गरेनगरेको अनुगमन गर्ने ।

(छ) निश्चित अवधिमा गरिने स्वास्थ्य संस्थाको क्षमता लेखाजोखा प्रकृयामा सहभागी हुने ।

(ज) मापदण्डअनुरुपको सेवा प्रवाहका लागि वास सुधार समितिका संयोजकले तोकेको अन्य कार्यहरु गर्ने।

८. **वास सुधार समितिका प्राविधिक सदस्यको काम, कर्तव्य र अधिकार :** यस निर्देशिकामा अन्यन्त्र उल्लेखित कुराका अतिरिक्त वास सुधार समितिका प्राविधिक सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) वास सुधार समितिको नियमित बैठक र आवधिक लेखाजोखा गर्ने कार्यमा भाग लिने ।

(ख) स्वास्थ्य संस्थाको वास सुधार योजना कार्यान्वयन गर्न सक्रिय रहने र आफ्नो जिम्मेवारी समयमा पुरा गर्ने ।

(ग) स्वास्थ्य संस्थामा पर्याप्त पानी उपलब्ध रहेको निश्चित गर्ने, आवश्यक भए वैकल्पिक पानीको स्रोतको व्यवस्था गर्ने ।

(घ) स्वास्थ्य संस्थामा खानेपानी, शौचालय र फोहोर व्यवस्थापनका संरचनाहरु बालबालिका मैत्री, वातावरण मैत्री, महिला र अपाङ्गतामैत्री बनाउने ।

(ङ) स्वास्थ्य संस्थामा खानेपानी, शौचालय र फोहोर व्यवस्थापनका संरचनाहरु बिग्रेमा वा थप आवश्यक भएमा सो को योजना बनाउने र कार्यान्वयन गर्ने ।

(च) स्वास्थ्य संस्थामा उपलब्ध पानीको गुणस्तर नियमितरुपमा जाँच गर्ने र स्वास्थ्यकर्मी, विद्यार्थी एवम् सेवाग्राहीलाई गुणस्तरीय पानी उपलब्ध गराउने ।

(छ) स्वास्थ्य संस्थामा उपलब्ध शौचालय सरसफाइको अवस्था र फोहोर व्यवस्थापनको प्रकृया अनुगमन गर्ने, मेडिकल जन्य फोहोर तथा ठोस फोहोरको उचित उपचार गर्ने र वातावरणमैत्री बनाउन संयोजकलाई सहयोग गर्ने ।

(ज) निश्चित अवधिमा गरिने स्वास्थ्य संस्थाको क्षमता लेखाजोखा प्रकृयामा सहभागी हुने ।

(झ) मापदण्डअनुरुपको सेवा प्रवाहका लागि वास सुधार समितिका संयोजकले तोकेको अन्य कार्यहरु गर्ने।

९. **वास सुधार समितिका महिला स्वास्थ्य स्वयंसेविका सदस्यको काम, कर्तव्य र अधिकार :** यस निर्देशिकामा अन्यन्त्र उल्लेखित कुराका अतिरिक्त वास सुधार समितिका महिला स्वास्थ्य स्वयंसेविका सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) वास सुधार समितिको नियमित बैठक र आवधिक लेखाजोखा गर्ने कार्यमा भाग लिने ।

(ख)वास सुधार समितिले गरेका कार्यहरु आफ्नो आमा समूह र टोलमा जानकारी गराउने र स्वास्थ्य संस्थामा सेवा लिन आउन समुदायलाई उत्प्रेरित गर्ने ।

(ग) समुदायमा सड्ने र नसड्ने फोहोर व्यवस्थापनका लागि नमूनायोग्य कार्य गर्ने ।

(घ) समुदायका सदस्यहरुलाई स्वास्थ्य संस्थामा सेवा लिन जाँदा जथाभावी फोहोर नगर्न सचेतना जगाउने।

(ङ) निश्चित अवधिमा गरिने स्वास्थ्य संस्थाको क्षमता लेखाजोखा प्रकृयामा सहभागी हुने ।

(च) मापदण्डअनुरुपको सेवा प्रवाहका लागि वास सुधार समितिका संयोजकले तोकेको अन्य कार्यहरु गर्ने।

**१०. वास सुधार समितिका कार्यालय सहयोगी वा सफाइकर्ता सदस्यको काम, कर्तव्य र अधिकार :** यस निर्देशिकामा अन्यन्त्र उल्लेखित कुराका अतिरिक्त वास सुधार समितिका कार्यालय सहयोगी वा सफाइकर्ता सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क)वास सुधार समितिको नियमित बैठक र आवधिक लेखाजोखा गर्ने कार्यमा भाग लिने ।

(ख)स्वास्थ्य संस्था सुधार योजना कार्यान्वयन गर्न सक्रिय भूमिका खेल्ने र आफ्नो जिम्मेवारी समयमा पुरा गर्ने ।

(ग) दैनिकरुपमा स्वास्थ्य संस्थाका सबै कोठा, शौचालय एवम् औजार तथा उपकरणहरु सफा गर्ने, संक्रमण रहित बनाउने ।

(घ) स्वास्थ्य संस्थाबाट निस्कासन हुने फोहोरको उचित वर्गिकरण गरी व्यवस्थापन गर्ने ।

(ङ) स्वास्थ्य संस्थाको फोहोर बेचबिखन गर्ने र सोबाट प्राप्त रकम मर्मत संभार कोषमा जम्मा गर्ने ।

(च) खानेपानी र सरसफाइका कुनै संरचना बिग्रेमा वा अन्य कुनै समय देखापरेमा सामान्य मर्मतसंभार गरेर सञ्चालनमा ल्याउने । ठूलो मर्मतसंभार गर्नु पर्ने भए संयोजकलाई जानकारी गराउने र सो को अनुशरण गर्ने ।

(छ) निश्चित अवधिमा गरिने स्वास्थ्य संस्थाको क्षमता लेखाजोखा प्रकृयामा सहभागी हुने ।

(ज) मापदण्डअनुरुपको सेवा प्रवाहका लागि वास सुधार समितिका संयोजकले तोकेको अन्य कार्यहरु गर्ने।

**११. वास सुधार समितिका संरक्षकको काम, कर्तव्य र अधिकारः** सम्बन्धित वडाका वडाध्यक्ष एवम् स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिका अध्यक्ष वास सुधार समितिको संरक्षकको रुपमा रहनेछन् । यस निर्देशिकामा अन्यन्त्र उल्लेखित कुराका अतिरिक्त निजको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क)वास सुधार समितिको गठन/पुनर्गठन गर्ने ।

(ख)स्वास्थ्य संस्थाको योजनाहरु (बार्षिक कार्य योजना, वास सुधार योजना, आदि) स्वीकृत एवम् प्रमाणीकरण गर्ने ।

(ग) स्वास्थ्य संस्थाको वास सुधार योजना अनुसारका क्रियाकलापहरु कार्यान्वयनका लागि कोषको व्यवस्था गर्ने ।

(घ) स्वास्थ्य संस्थाको भौतिक संरचनाहरुको नियमित मर्मत संभार गर्न मर्मतसंभार कोषको स्थापना गरी सन्चालनमा ल्याउने ।

(ङ) स्वास्थ्य संस्था सुधार योजना कार्यान्वयन चरणको अनुगमन गर्ने, वास सुधार समिति र कर्मचारीहरुलाई आवश्यक सुझाव एवम् निर्देशन दिने।

(च) वास सुधार समितिको कुनै पद रिक्त भएमा पूर्ति गर्ने।

(छ) मापदण्डअनुरुपको सेवा उपलब्ध गराउन निश्चित अवधिमा गरिने स्वास्थ्य संस्थाको क्षमता लेखाजोखाबाट प्राप्त नतिजा छलफल गर्ने, योजना पुनरावलोकन गरेको निश्चित गर्ने र कार्यान्वयनका लागि सहजीकरण गर्ने।

१२. **विद्यालय वास सुधार समितिको काम, कर्तव्य र अधिकारः** यस निर्देशिकामा अन्यन्त्र उल्लेखित कुराका अतिरिक्त सम्बन्धित विद्यालयमा रहेको वास सुधार/वास समन्वय समिति काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) तारा पद्धति प्रयोग गरेर आवधिकरुपमा विद्यालयको खानपानी, सरसफाइ र स्वच्छताको अवस्था विश्लेषण गर्ने।

(ख) विश्लेषण गरिएको अवस्थाको आधारमा विद्यालयको वास सुधार योजना निर्माण गर्ने।

(ग) विद्यालयको वास सुधार योजनाका मुख्य मुख्य क्रियाकलापहरुलाई विद्यालय सुधार योजनामा समावेश गर्ने।

(घ) विद्यालयको वास सुधार योजना अनुसारका क्रियाकलापहरु र वास संरचनाहरुको मर्मतसंभार गरी नियमित रुपमा सञ्चालनमा ल्याउन कोषको व्यवस्था गर्ने।

(ङ) वासका नयाँ संरचना निर्माण गर्नु परेमा वा ठूलो खालको मर्मतसंभार गर्नु परेमा विद्यालय व्यवस्थापन समितिमार्फत वडा र पालिकामा थप कोष र प्राबिधिक सहयोगका लागि अनुरोध गर्ने।

(च) विद्यालयको खानेपानी, सरसफाइ र स्वच्छताको अवस्था सुधारका लागि बालक्लव, वातावरण क्लव, जुनियर रेडक्रस सर्कल, महिनावारी स्वच्छता क्लव, शिक्षक अभिभावक संघ लगायतलाई परिचालन गर्ने।

(छ) समितिले गरेका कार्यहरु विद्यालय व्यवस्थापन समितिको मासिक बैठकमा प्रस्तुत गर्ने र थप सहयोग अवश्यक भएमा व्यवस्थापन समितिमार्फत पहल गर्ने।

(ज) वास सुधारका लागि स्थानीय पाठ्यक्रममा वाससम्बन्धी पाठ समावेश गर्न पहल गर्ने र विद्यालय वास सम्बन्धी अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने।

(झ) वास सुधारका लागि आवश्यकता अनुसार शिक्षकहरु, अभिभावक संघलाई परिचालन गर्ने।

## परिच्छेद-४
## विविध

१३. **समिति र नगरपालिकाबाट सहजीकरण :** स्वास्थ्य संस्था र विद्यालयमा रहेको वास सुधार/समन्वय समितिलाई कार्य सन्चालन गर्न वा वास सुधार योजना कार्यान्वयनमा कुनै समस्या आएमा सम्बन्धित स्वास्थ्य संस्था र विद्यालय सञ्चालन तथा व्यवस्थापन समितिले बाधा फुकाउन वा समस्या समाधानका लागि सहयोग गर्नेछ । त्यसैगरी बजेट लाग्ने काम एवम् स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन

समितिबाट सम्पादन हुन नसक्ने काममा क्रमशः नगरपालिकाको स्वास्थ्य शाखा, शिक्षा शाखा, सम्बन्धित समितिहरुले सहजीकरण गर्ने छन् ।

१४. **पुरस्कृत वा दण्ड गरिनेः** स्वास्थ्य संस्था तथा विद्यालयमा खानेपानी, सरसफाइ र स्वच्छता (वास) सुधारका लागि कार्य गर्ने जिम्मेवारी तोकिएका वास सुधार समितिका सदस्यहरु र कर्मचारीहरुले गरेका कार्यहरुको सम्बन्धित स्वास्थ्य संस्था र विद्यालयमा अभिलेख राखिने छ । साथै बार्षिक रुपमा उत्कृष्ट कार्य गर्ने स्वास्थ्यकर्मी /कर्मचारी/शिक्षक तथा शिक्षिकालाई वास सुधार समितिको सिफारिसमा स्वास्थ्य संस्था र विद्यालय सञ्चालन तथा व्यवस्थापन समिति र नगरपालिकाबाट पुरस्कृत गरिने छ । त्यसैगरी आफ्नो जिम्मेवारी समयमा पुरा नगर्ने वा अन्य कर्मचारीलाई असहयोग गर्ने वा उनीहरुले जिम्मेवारी पुरा गर्दैगर्दा बाधा सृजना गर्ने कर्मचारी तथा शिक्षक शिक्षिकालाई नियमानुसार दण्डित गरिने छ ।

१५. **अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन** :वास सुधार योजना अनुरुप वास सुधार समितिका सदस्यहरु, कर्मचारीहरु र शिक्षकहरुले गरेका कार्यहरुको नियमित रूपमा अनुगमन गर्ने जिम्मेवारी वास सुधार/समन्वय समितिका संयोजकको हुनेछ । स्वास्थ्य संस्थाको हकमा संयोजनले गरेका कार्यहरुको अनुगमन गर्ने जिम्मेवारी वास सुधार समितिका संरक्षक एवम् स्वास्थ्य संस्था तथा विद्यालय सन्चालन तथा व्यवस्थापन समितिका अध्यक्षको हुनेछ भने विद्यालयको हकमा विद्यालय व्यवस्थापन समितिका अध्यक्षको हुनेछ । पालिका भित्रका स्वास्थ्य संस्थाहरुमा वासफिट र विद्यालयहरुमा तीन तारा पद्धति प्रयोग गरेर आवधिकरुपमा क्षमता लेखाजोेखा गरेको, वास सुधार योजना बनाएको/पुनरावलोकन गरेको र सो को कार्यान्वयन गरेको अनुगमनका लागि नगर पालिकाका स्वास्थ्य शाखाका प्रमुख, शिक्षा शाखा प्रमुख र नगरस्तरीय अनुगमन समितिबाट हुनेछ । आवश्यक भएमा पालिकाले अन्य विषय विज्ञहरू नियुक्त गरेर अनुगमन तथा मूल्याङ्कन गराउन सक्नेछ । यसरी अनुगमन र मूल्याङ्कन गर्ने व्यक्ति र समितिले ७ दिन भित्र नगरपालिकालाई प्रतिवेदन पेश गर्नु पर्नेछ ।साथै स्वास्थ्य संस्था तथा विद्यालयमा साप्ताहिक रुपमा भए गरेका कार्यहरुको प्रगति विवरण वास सुधार समितिका संयोजकले सम्बन्धित संस्थाको सन्चालन तथा व्यवस्थापन समितिका अध्यक्षलाई जानकारी गराउनु पर्नेछ । त्यसैगरी स्वास्थ्य संस्था र विद्यालय सन्चालन तथा व्यवस्थापन समितिको मासिक बैठकमा वास सुधार समितिले गरेको कार्यहरुको प्रगति प्रतिवेदन पेश गर्ने जिम्मेवारी वास सुधार समितिका संयोजकको हुनेछ । निजहरुले सो प्रतिवेदनको साराशं पालिकालाई पेस गर्ने मासिक/त्रैमासिक प्रतिवेदनमा संलग्न गरी पेश गर्नु पर्नेछ । स्वास्थ्य संस्था तथा विद्यालयमा गरेका कार्यहरुको बार्षिक मुल्याङ्कन गरेर दफा १५ मा उल्लेख भए अनुसार पुरस्कृत वा दण्ड गर्न स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समिति र उत्कृष्ट कर्मचारीकोरुपमा सम्मान गर्न पालिकाको सम्बन्धित शाखालाई सिफारिस गर्नेछ ।

१६. **बाधा फुकाउने तथा व्याख्या गर्ने अधिकारः** यस निर्देशिकाको कार्यान्वयनमा कुनै समस्या देखिएमा आइपरेका बाधा फुकाउने तथा यसको व्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

१७. **निर्देशिकाको परिमार्जन तथा संशोधनः** यस निर्देशिकाको कार्यान्वयनमा कुनै समस्या देखिएमा आवश्यकता अनुसार परिमार्जन तथा संशोधन गर्ने अधिकार नगर कार्यपालिकालाई हुने छ ।

१८. वास सुधार समितिको बैठकमा संस्था तथा विद्यालयमा कार्यरत सबै कर्मचारी तथा शिक्षक शिक्षिकाहरुलाई आमन्त्रित गरी स्वास्थ्य संस्था र विद्यालयको आवश्यकता र उनीहरुको विज्ञता र क्षमता अनुसार जिम्मेवारी तोक्न सक्नेछ ।

१९. सबै कर्मचारीहरुले वास सुधार समितिले वास सुधार योजनामा कार्य विभाजन गरे अनुरुप जिम्मेवारी पुरा गर्नु पर्नेछ ।

२०. सम्बन्धित स्वास्थ्य संस्था र विद्यालयले आवधिक लेखाजोखाबाट प्राप्त नतिजा र सुधार योजना व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई नगरपालिकाको सम्बन्धित समितिमा पठाउनु पर्नेछ ।

**प्रमाणीकरण मिति:**
**मिति: २०७९/०९/२२**

**आज्ञाले**
**टिकाराम ढकाल**
**प्रमुख प्रशासकीय अधिकृत**